कारोबार

# कोभिड प्रभावित क्षेत्रमा एन्टिजेन सहयोग

प्रकाशित मिति : असार ६, २०७८ आईतबार

कारोबार सम्बाददाता

442
Shares



मुगु जिल्लाको पूर्वभेगमा पर्ने मुगुकामारोङ्ग गाउँपालिकामा पछिल्लो समयमा ब्यापकरूप फैलिएकाले यसको रोकथामका लागि कोभिड प्रभावित क्षेत्रमा एक संस्थाले एन्टिजेन किट सहयोग गरेको छ ।
मुगमकामारोङ्ग गाँउपालिकामा पछिल्लो समयमा बालबच्चादेखि बूढाबूढीहरूलाई कोरोना एन्टिजेन परीक्षण गर्दा कोरोना भाइरसका बिरामीहरू धेरै देखिएको हुनाले यो कोभिड–१९ बाट बच्नका लागि छाया नेपाल नामक संस्थाको आर्थिक सहयोगमा २ सय ५० एन्टिजेन किट सहयोग गरिएको छाँया नेपाल मुगुका संयोजक मीनबहादुर रावलले जानकारी गराएका छन ।
रावलका अनुसार केही दिन पहिला मुगमकामारोङ्ग गाउँपालिकामा रहेको आइस्योलेसनमा प्रयोग हुने सामग्री, स्वास्थ्य सामग्रीहरू पनि सहयोग गरिएको बताएका छन् ।
यस क्षेत्रका मानिसहरूलाई कोरोनाबाट बचाउनका लागि स्थानीय सरकार मुगमकामारोङ्ग गाउँपालिका र अन्य पालिकामा कार्यरत सरकारी संघ–संस्थाहरूले एन्टिजेन किट स्वास्थ्य सामग्रीहरू पनि सहयोग गर्दै आइरहेको छन् । स्वास्थ्यकर्मीहरूलाई नियमित रूपमा बस्ती टोलटोलमा गएर स्वास्थ्य परीक्षण, जनचेतनामूलक सन्देश स्वास्थ्य मापदण्ड अपनाउन सुझान दिने गरिएको र पालिकाबाट थप औषधी किनेर ल्याउने कार्य अघि बढिरहेको मुगमकामारोङ्ग गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले जानकारी दिएका छन् ।